**Scholars' Journal**
ISSN: 2645-8381
Published by Scholars' Association of Nepal
A Multidisciplinary Peer Reviewed, Open Access Journal
https://www.nepjol.info/index.php/scholars

# बहुभाषिक शिक्षाको सन्दर्भमा निजी विद्यालयका कक्षामा भाषा प्रयोगको अवस्था

अन्जली अधिकारी
महेन्द्ररत्न क्याम्पस, ताहचल, काठमाडौँ
त्रिभुवन विश्वविद्यालय, नेपाल
Email: anjaliadhikari678@gmail.com

**Article History: Received:** 28 August 2021; **Revised:** 03 December 2021; **Accepted:** 04 December 2021

**लेखसार**

पहिलो वा मातृभाषामा आधारभूत ज्ञान लिएर प्रारम्भिक कक्षामा प्रवेश गरेका बालबालिकामा बहुभाषिक क्षमताको विकास गरी बहुभाषिक विश्वमा समायोजन हुन योग्य बनाउन बहुभाषिक शिक्षाको अवधारणा विकसित भएको देखिन्छ। विश्वभरि एकैपटक प्रारम्भ भई सबैलाई गुणात्मक शिक्षा दिने उद्देश्य रहेको बहुभाषिक शिक्षा पद्धतिमा शिक्षण सिकाइका क्रममा दुई वा सोभन्दा बढी भाषालाई माध्यम बनाउनु आवश्यक हुन्छ। यसै सन्दर्भमा बहुभाषिक शिक्षाको सापेक्षतामा निजी विद्यालयका प्रारम्भिक कक्षामा भाषा प्रयोगको अवस्था अध्ययन गर्ने उद्देश्य प्रस्तुत लेखको रहेको छ। गुणात्मक प्रकृतिको यस लेखमा घटना अध्ययन विधिको प्रयोग गरी अवलोकन र अन्तर्वार्ताका आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ। प्रस्तुत अध्ययनले शिक्षण सिकाइका क्रममा बहुभाषाको प्रयोगले सबै भाषाका सिकारूलाई लाभ हुने हुँदा प्रारम्भिक कक्षादेखि नै बहुभाषा माध्यम अपनाइने बहुभाषिक शिक्षा पद्धति प्रभावकारी हुने उल्लेख गरेको छ। बहुभाषिक शिक्षाका लागि प्रतिबद्धता जनाएको नेपालले शिक्षण सिकाइका क्रममा बहुभाषिक कक्षाका लागि तय गरेका माध्यम भाषाका नीतिगत व्यवस्था एवम् सुझाव र निजी विद्यालयका कक्षामा प्रयोग गरिएको अङ्ग्रेजी मात्र माध्यम एकल भाषिक पद्धतिमा आधारित देखिन्छन्। प्रस्तुत लेखमा राज्यले बहुभाषिक शिक्षाका लागि वैज्ञानिक आधारमा व्यावहारिक नीति र मोडल तय गरी निजी विद्यालयलाई स्पष्ट मार्गदर्शन गर्न नसकेको अवस्थामा बहुभाषिक समुदायमा अवस्थित निजी विद्यालयले समुदाय तथा अभिभावकको मनोविज्ञान, भाषा बजार, विश्वव्यापी आवश्यकता र सिकाइ सहजतालाई केन्द्रमा राखी प्रारम्भिक उर्वरयोग्य उमेरदेखि नै बहुभाषालाई शिक्षण सिकाइको माध्यम बनाउने रणनीतिले बहुभाषिक कक्षामा बहुभाषिक शिक्षाको आधार निर्माण गर्ने कुरालाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ।

***मुख्य शब्दावली :*** भाषिक विविधता, द्विभाषिक लाभ, बहुभाषिक पद्धति, भाषिक सङ्क्रमण, एकलभाषिक माध्यम

## परिचय

प्रारम्भिक कक्षामा बालबालिकाले आफ्नो भाषाको ज्ञान लिएर आउँछन् तर तिनीहरूलाई स्थानीय, राष्ट्रिय र विश्वव्यापी रूपमा सहभागी हुनका लागि अन्य भाषाहरूको आवश्यकता पर्दछ।

*Copyright 2021 ©Author(s)* *This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

अन्तरसांस्कृतिक सञ्चार र सम्पर्क, विश्वव्यापी शिक्षा, राजनैतिक र आर्थिक अन्तरसम्बन्धका कारणले बहुभाषामा शिक्षा सामान्य आवश्यकता बनेको देखिन्छ । यही आवश्यकतालाई सम्बोधन गर्न शिक्षामा बहुभाषाको प्रयोग गरी शिक्षण सिकाइका लागि जोमटेनको सम्मेलन (सन् १९९०) ले विकसित गरेको अवधारणा बहुभाषिक शिक्षा हो । यसै अवधारणका आधारमा सबैका लागि शिक्षा अभियानको थालनी गरी नेपाललगायत विश्वभरि बहुभाषिक शिक्षाको चिन्तन प्रारम्भ भएको देखिन्छ । सबैका लागि शिक्षाको आशय सबैलाई गुणात्मक शिक्षा भन्ने रहेकाले भाषा र शिक्षालाई जोडेर लैजाँदा हरेक भाषाको अस्तित्व र जातीय पहिचान जोगाउन सकिने धारणा विकसित भएको देखिन्छ । युनेस्को (२०१०) ले बहुभाषिक शिक्षाका लागि कम्तिमा तीन ओटा भाषामा शिक्षा दिनु उपयुक्त हुने उल्लेख गरेको छ । बहुभाषिक शिक्षालाई एक सिकाइ पद्धति वा सिकाइ मोडलका रूपमा लिएको पाइन्छ, जसमा कक्षा शिक्षणका क्रममा दुई वा सोभन्दा बढी भाषाको उपयोग गरिन्छ । यसकारण बहुभाषिक शिक्षाको उद्देश्य पनि मातृभाषा, सरकारी भाषा र अन्तर्राष्ट्रिय भाषा गरी तीन ओटा भाषालाई शिक्षामा संलग्न गराउनु रहेको छ (युनेस्को, २०११) ।  क्युमिन्सले पहिलो भाषालाई शिक्षणको आधार मानेर निमज्जन (फ्रेन्च र अङ्ग्रेजी द्विभाषिक इमर्सन शिक्षा) ढाँचाबारे गरेको अध्ययन बहुभाषा शिक्षणमा निकै प्रभावकारी मानिएपछि बहुभाषिक सिद्धान्तहरू सन् २००० देखि प्रयोगमा आउन थालेको पाइन्छ (वेन्सन, २०१७) । यसले शिक्षण सिकाइका क्रममा दुई वा सोभन्दा बढी भाषालाई शिक्षणको माध्यमका रूपमा उपयोग गर्न सुझाउँछ ।

विश्वव्यापीकरण र व्यापक सञ्चारका कारण बहुभाषाको ज्ञान लाभदायक मानिए पनि शिक्षामा भाषाको प्रयोगका क्रममा कुन उमेरमा बहुभाषाको ज्ञान कसरी दिने भन्नेमा फरक फरक धारणा विकसित भएको पाइन्छ । एकातिर प्रारम्भिक विद्यायलको उमेर उर्वरयोग्य हुनाले जति धेरै भाषा सिकाउन सकियो त्यति धेरै भाषा सिक्दै जाने धारणा विकसित भएको देखिन्छ (पाठक, २०७६) । उक्त अवधारणाको विकासका आधारमा द्विभाषिक लाभ (वियालिस्तोक र अन्य, २००४) को सिद्धान्त स्थापित भएको देखिन्छ । यसले एकभाषी विद्यार्थीभन्दा द्विभाषिक बालबालिका संज्ञानात्मक द्वन्द्व व्यवस्थापनमा धेरै सक्षम हुन्छन् भन्ने प्रमाणित गरेको पाइन्छ (पाठक, २०७६) । बालबालिकामा सिक्ने क्षमता भने समयक्रमअनुसार बिस्तारै ह्रास हुँदै जान्छ भन्ने दृष्टिकोणले प्रारम्भिक कक्षादेखि नै बहुभाषालाई शिक्षण सिकाइको माध्यम बनाउनु उपयुक्त हुने कुरालाई उक्त सिद्धान्तले महत्व दिएको देखिन्छ । पाठक (२०७६) काअनुसार सन् १९६२ मा पिल र ल्याम्वर्डको अध्ययनले सानै उमेरदेखि दुई वा सोभन्दा बढी भाषाको प्रयोग अनुभव भएका बालबालिका एक भाषा प्रयोग गर्नेभन्दा बढी तेज हुने प्रमाणित गरेपछि द्वि/बहुभाषिक क्षेत्रमा अध्ययन अनुसन्धान हुन थालेको देखिन्छ । यसका आधारमा प्रारम्भिक कक्षादेखि नै दुई वा सोभन्दा बढी भाषामा सिकाइ गर्नु उपयुक्त हुने देखिन्छ ।

अर्कातिर दक्षिण एशियाका देशहरूमा सन् १९९१ पछि तीव्र प्रवाहको रूपमा देखिएको मातृभाषा शिक्षा भन्ने एकलभाषी शिक्षण सिद्धान्तको धारणामा परिवर्तन भई बहुभाषिक दृष्टिकोण विकास भएको देखिन्छ (मिश्र, २०२०) । विकसित अवधारणाअनुसार बहुभाषिक शिक्षाका महत्वपूर्ण आधार

का रूपमा ‘पहिलो भाषा पहिलो शिक्षा’ र ‘मातृभाषामा शिक्षा कार्यक्रम’ लाई लिएको पाइन्छ (नयाँ ब्रिटिस काउन्सिल, २०१९) । जसले पहिलो भाषामा आधारभूत ज्ञान हासिल गरेपछि बालबालिकालाई अन्य भाषाको ज्ञान दिने दृष्टिकोण राख्दछ । युनेस्को (२०११) ले बालबालिकाको समग्र पक्षको विकास, संज्ञानात्मक विकास र प्राज्ञिक उपलब्धिका लागि पहिलो भाषा महत्वपूर्ण मानेको छ । यसै अवधारणाअनुसार नेपालका गैरनेपाली मातृभाषीका लागि बहुभाषिक शिक्षा (२०६६) कार्यान्वयनमा ल्याए पनि एकलभाषिक चिन्तनमा आधारित देखिन्छ ।

नेपालमा बहुभाषिक शिक्षासम्बन्धी चिन्तनको थालनी जोमटेन (१९९०) को सम्मेलनमा सहभागी भएपछि भएको देखिन्छ । तर पनि आजसम्म नेपालमा विद्यालयको आधारभूत तहमा शिक्षणको सिकाइको माध्यम एकलभाषा कि बहुभाषा भन्नेमा स्पष्ट धारणा बसिसकेको देखिँदैन । नेपालले गैरने पाली मातृभाषीलाई शिक्षणको माध्यम मातृभाषाका आधारमा गुणात्मक बहुभाषिक शिक्षा प्रदानका लागि तय गरेका कानुनी प्रावधान र अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धताअनुसार राज्यले बहुभाषिक शिक्षा कार्यान्वयन गर्न खोजे पनि उपयुक्त सिद्धान्त र मोडलको अभावमा अन्योल बनेको देखिन्छ अहोनेन (२०२०) । बहुभाषी कक्षाका विद्यार्थीलाई बहुभाषामा ज्ञान दिन शिक्षण सिकाइको माध्यमका सम्बन्धमा कुनै कार्यान्वयन नीति बनाएको देखिँदैन केवल शिक्षा आयोगका सुझाव र कार्ययोजनामा उल्लेख गर्नुबाहेक ।

नेपालको शिक्षामा भाषा प्रयोगको सङ्क्रमणीय अवस्थामा विभिन्न शिक्षा आयोगका प्रतिवेदन, आवधिक योजना, शिक्षा नीतिले बहुभाषिक कक्षामा शिक्षणको उपयुक्त माध्यमबारे गरेका सुझाव र व्यवस्थाको उपयोगिताबारे अध्ययन हुनु आवश्यक देखिन्छ । शिक्षामा भाषा प्रयोगका सन्दर्भमा सरकारले केन्द्रीय स्तरबाट गरेका नीति निर्णयको कार्यान्वयन गर्ने स्थल प्रत्येक विद्यालय (निजी र सामुदायिक) नै हुन् । बहुभाषिक (गुरूङ् मातृभाषीको बाहुल्यता) समुदायमा स्थित विद्यालयका कक्षा कक्षाकोठामा भाषा प्रयोगको अवस्थालाई सिंहावलोकन गरी बहुभाषिक कक्षाका लागि उपयुक्त माध्यम सुझाउन आवश्यक देखिएको छ । यस लेखमा बहुभाषिक शिक्षाको सन्दर्भमा निजी विद्यालयका कक्षामा भाषा प्रयोगको अवस्था विश्लेषण गर्ने उद्देश्य राखिएको छ ।

## सैद्धान्तिक अध्ययन र पूर्वकार्यको पर्यावलोकन

### सैद्धान्तिक अध्ययन

प्रस्तुत अध्ययनमा द्विभाषिक लाभको सिद्धान्तलाई आधार मानिएको छ । सन् १९६२ मा पिल र ल्याम्बर्टले क्यानडामा गरेको अध्ययनले सानै उमेरदेखि दुई वा सोभन्दा बढी भाषाको प्रयोग अनुभव भएका बालबालिका एकभाषीभन्दा तीक्ष्ण भएको पाएपछि द्विभाषिक लाभको सिद्धान्त विकसित भएको पाइन्छ (पाठक, २०७६) । वियालिस्तोकले २००४ मा मनोवैज्ञानिक क्षेत्रमा उपयोग गरिने व्यावहारिक मूल्याङ्कन क्रियामध्ये साइमन टास्कको प्रयोग गरी द्विभाषिक सहभागीको असमान थिचाइ बढी भएको पाएपछि द्विभाषिक लाभको सिद्धान्त वैज्ञानिक रूपमा स्थापित भएको देखिन्छ (वियालोस्तिक र अन्य, २००४) । यस सिद्धान्तले सिकाइका क्रममा एक भाषाभन्दा दुई भाषाको प्रयोग गर्ने विद्यार्थीलाई लाभ

हुने कुरामा जोड दिन्छ । द्विभाषिक लाभको सिद्धान्तलाई आवुतवेलीको अध्ययनले थप बलियो रूपमा प्रमाणित गरिदिएको देखिन्छ (पाठक, २०७६) । उक्त सिद्धान्तले मानव मस्तिष्कमा एकभन्दा बढी भाषाले सकारात्मक प्रभाव पार्ने हुँदा प्रारम्भिक उमेरमा धेरै भाषा सिकाउन सकिने वैज्ञानिक आधार लाई प्रमाणित गरेको छ (आवुतलेवी र म्यास्चियो, २०१९) । सिकाइका क्रममा उमेरले भाषिक तथा संज्ञानात्मक क्षमताको विकासमा प्रभाव पार्ने हुँदा जति छिटो सिक्यो उति धेरै लाभ र विकास हुने कुरामा उक्त सिद्धान्तले जोड दिएको छ । यस सिद्धान्तका आधारमा निजी विद्यालयका कक्षाकोठामा माध्यम भाषा प्रयोगको अवस्था र बहुभाषा माध्यमका सन्दर्भमा सहभागीको बुझाइलाई अध्ययन गरिएको छ ।

## पूर्वकार्यको पर्यावलोकन

यस उपशीर्षकमा बहुभाषिक कक्षामा शिक्षण सिकाइका क्रममा भाषा प्रयोगका सम्बन्धमा भएका केही अनुभवजन्य र नीतिजन्य कार्यको पर्यावलोकन गर्दै समस्यालाई उठान गरिएको छ । अवस्थी (२००४) को प्रयोगपरक अध्ययन प्राथमिक तहका गैरनेपाली मातृभाषी विद्यार्थीहरूलाई द्वि/बहुभाषिक शिक्षाको आवश्यकतामा केन्द्रित रहेको देखिन्छ । उक्त अध्ययनले समुदायका उच्च वर्गले प्रयोग गर्ने प्रभावशाली भाषा नेपाली/अङ्ग्रेजी शिक्षणको माध्यम रहनुले शक्तिका आधारमा समाज विभाजन हुने आधारहरू उल्लेख गरेको छ । अध्ययनले कक्षा एकदेखि नै अङ्ग्रेजी माध्यम गैरनेपाली मातृभाषी बालबालिकाका लागि हानिकारक हुने कुरालाई उठान गरे पनि बहुभाषिक शिक्षाको मर्मलाई सम्बोधन गर्न सकेको छैन । कँडेल (२०१३) को प्रतिवेदनले राज्यको एकल भाषिक नीतिले गर्दा अल्पसङ्ख्यकहरू पहिचान र अवसरका लागि मातृभाषाभन्दा पनि नेपाली र अङग्रेजी माध्यम अनुसरण गर्न बाध्य हुनु परेको अवस्था देखाउँदै पछिल्लो पुस्ता नेपाली माध्यम अपनाउन इच्छुक भए पनि अभिभावकले गुणस्तरीय शिक्षाको लागि अङ्ग्रेजी माध्यम रोज्नुलाई भ्रम मानेको छ । यादव (२०१४) को अध्ययन संघीय नेपालको शिक्षामा माध्यम भाषा प्रयोग नीति निर्माणमा केन्द्रित रहेको छ । अध्ययनले गैरनेपाली मातृभाषीका लागि शिक्षण सिकाइको माध्यम भाषाका सन्दर्भमा अन्तर्राष्ट्रिय स्तरमाझैं द्वि/बहुभाषिक शिक्षाको स्पष्ट कानुनी आधार बनाएर मातृभाषालाई आधार मानेर बहुभाषा सिकाउने पद्धतिप्रति कटिबद्धता हुन आवश्यक रहेको औंल्याए पनि बहुभाषिक कक्षामा बहुभाषा सिकाउने पद्धतिका बारेमा मौन देखिन्छ । सील र अन्य (२०१५) ले अध्ययन अन्तराष्ट्रिय स्तरमाझैं नेपालमा बहुभाषिक शिक्षा (मातृभाषा, नेपाली र अङ्ग्रेजी) शिक्षाको माध्यम अपनाउनु आवश्यक भए पनि कुनै विद्यालय अङ्ग्रेजी मात्र माध्यममा जान लागेका र कुनै अङ्गेजीबाट नेपाली माध्यमतर्फ मोडिन थालेको अन्योलग्रस्त अवस्था भाषा प्रयोगका क्रममा सामुदायिक विद्यालयका कक्षाकोठामा रहेको उल्लेख गरेको छ । उक्त अध्ययनले सामुदायिक विद्यालयका बहुभाषिक कक्षाकोठामा बहुभाषा प्रयोगका अवस्था अन्योल रहेको उजागार गरेको छ । यस अध्ययनले निजी विद्यालयका कक्षामा भाषा प्रयोगको अवस्था अध्ययन गरी शिक्षकका धारणा जानकारी लिन आवश्यक रहेको देखाउँछ । अध्ययनले नेपालका लागि अत्यावश्यक मानिएको बहुभाषिक शिक्षालाई एकलभाषी सिद्धान्तमा केन्द्रित गरेको देखिन्छ । जोशी (२०१८) को अध्ययनले उच्च शिक्षाका कक्षामा अङ्ग्रेजी ऐच्छिक विषयका विद्यार्थीका लागि समेत नेपाली र अङ्ग्रेजी

माध्यम (बहुभाषा प्रयोग) ले पाठ्यवस्तु बुझ्न निकै सहज भएको हुँदा विद्यालयमा बहुभाषीकरण विधि उपयुक्त हुने निष्कर्ष निकालेको देखिन्छ ।

नीतिगत आधारमा हेर्दा भाषाका सन्दर्भमा राष्ट्रिय भाषा नीति सुझाव आयोगको प्रतिवेदन (वि.सं. २०५०) ले शिक्षाको माध्यम भाषाका सन्दर्भमा प्राथमिक तहमा शत प्रतिशत मातृभाषी विद्यार्थी भएमा मातृभाषा, दुई भाषाका विद्यार्थी भएमा द्विभाषिक शिक्षा र बहुभाषी विद्यार्थीको जमघट भएमा राष्ट्रभाषा माध्यम उपयुक्त हुने उल्लेख सुझाव दिएको पाइन्छ । यसको आशय हो कि बहुभाषिक कक्षामा सबैले बुझ्ने भाषा नेपाली माध्यम उपयुक्त हुन्छ । बहुभाषिक कक्षामा शिक्षण सिकाइको माध्यम भाषाका सन्दर्भमा राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०६३) ले आधारभूत तह (कक्षा १-३) मा शिक्षाको माध्यम मातृभाषा र विद्यालय तहमा शिक्षण सिकाइको माध्यम नेपाली, अङ्ग्रेजी वा दुवै माध्यम हुन सक्ने व्यवस्था गरेको पाइन्छ । यसले बहुभाषिक कक्षामा विद्यार्थीको आवश्यकताअनुसार मातृभाषा, नेपाली र अङ्ग्रेजी दुवै उपयोग गर्न सकिने उल्लेख देखिन्छ । आधारभूत शिक्षाको कम्तीमा १-३ कक्षासम्म पढाइ हुने विद्यालयका कक्षामा रहेका बहुभाषिक विद्यार्थीले मातृभाषामा शिक्षा पाउने (विद्यालय क्षेत्र सुधार योजना, २०६६-२०७२) सुनिश्चितता कायम गरेको देखिन्छ । विद्यालय क्षेत्र विकास कार्यक्रम (२०१६) योजनाले एक कक्षामा भिन्न भाषिक परिवेशका विद्यार्थीहरूको सङ्ख्या १५-२० सम्म भएमा शिक्षण सिकाइका क्रममा सबै भाषाको सम्मान हुने गरी माध्यम भाषा प्रयोग गरिने रणनीति तय गरेको देखिन्छ । राष्ट्रिय शिक्षा नीति (२०७६, दफा १०.८.१) ले एकातिर आधारभूत तहमा बालबालिकाको मातृभाषाका साथै गणित र विज्ञान विषयलाई अङ्ग्रेजी भाषामा पनि अध्यापन गर्न सकिने (दुईभन्दा बढी भाषालाई सँगसँगै सिकाउने बहुभाषिक शिक्षा) व्यवस्था उल्लेख गरेको छ भने अर्कातिर बहुभाषी कक्षा कोठामा मातृभाषामा आधारित बहुभाषिक शिक्षण पद्धति (कक्षा १-३ सम्म मात्र मातृभाषा माध्यम, छिटो निर्गमन सङ्क्रमणीय ढाँचा) लाई प्रोत्साहित गर्ने (दफा १०.८.४) व्यवस्था गरेको देखिन्छ ।

उपर्युक्त प्रयोगपरक अध्ययनमध्ये अवस्थी (२००४), कँडेल (२०१३), यादव (२०१४), सिल र अन्य (२०१५) अध्ययनले विश्वमा विकसित बहुभाषिक शिक्षाको आधारका रूपमा मातृभाषामा शिक्षा (गैरनेपाली मातृभाषीका लागि) पद्धतिको आवश्यकता र प्रभावकारीका सन्दर्भमा अध्ययन गरका छन् । उक्त अध्ययन एकलभाषिक पद्धतिमा केन्द्रित देखिन्छन् ।

जोशी (२०१८) को अध्ययन उच्च शिक्षामा लचिलो बहुभाषीकरण विधिको विस्तृतीकरणमा केन्द्रित रहेको देखिन्छ । यस अध्ययनले बहुभाषाको ज्ञान विद्यालयका प्रारम्भिक तहदेखि नै आवश्यक रहेको सङ्केत गर्दछ । माध्यम भाषाका सन्दर्भमा भएका नीतिगत व्यवस्थाले बहुभाषिक शिक्षाको मर्मअनुसार मातृभाषा, सरकारी भाषा र अन्तर्राष्ट्रिय भाषा गरी तीन ओटा भाषालाई (युनेस्को, २०११) एकै साथ शिक्षण सिकाइको माध्यम बनाउनु पर्ने कुरालाई स्पष्ट उल्लेख गरेको देखिँदैन । बहुभाषिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका (२०६६) जारी भए पनि बहुभाषिक शिक्षाको वास्तविक मर्मबोध हुन नसकेकाले एकल भाषिक कक्षाका लागि एकलभाषिक चिन्तन (१-३ कक्षासम्म मातृभाषा माध्यम) मा केन्द्रित देखिन्छ । बहुभाषिक कक्षाका बालकालिकालाई बहुभाषा सिकाउने सन्दर्भमा माध्यम भाषासम्बन्धी व्यवस्थाका आधारमा निजी विद्यालयका आधारभूत तहका कक्षामा भाषा प्रयोगका अवस्था,

बहुभाषिक शिक्षासम्बन्धी  बुझाइ र विद्यालयको भाषा प्रयोग नीतिका बारेमा उपयुक्त चर्चा नगरे काले यसै विषयलाई यस लेखमा समस्याका रूपमा उठान गरी बहुभाषिक शिक्षाको सापेक्षतामा निजी विद्यालयका कक्षामाभाषा प्रयोगको अवस्था अध्ययन गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनको ढाँचा गुणात्मक प्रकृतिको भएकाले शिक्षण सिकाइ क्रियाकलापका सन्दर्भमा सहभागीका बिचमा भए गरेका भाषिक व्यवहारको प्राकृतिक वातावरणमा अध्ययन गर्न घटना अध्ययन विधिको चयन गरिएको छ । बहुभाषिक कक्षाका भाषा प्रयोगको अवस्था अध्ययनका लागि द्विभाषिक लाभको सिद्धान्तलाई आधार मानिएको छ । यस अध्ययनमा उद्देश्यपूर्ण नमुना छनोट विधिका आधारमा कास्की जिल्लाको पोखरा महानगरअन्तर्गत बहुभाषिक (गुरूङ भाषीको बाहुल्यता भएको) समुदायमा स्थित निजी विद्यालयका कक्षा एकको गणित विषयको कक्षा, एक जना गुरूङभाषी शिक्षक र प्रधानाध्यापकलाई नमुनाका रूपमा छनोट गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि अवलोकन र अन्तर्वार्तालाई उपकरणको रूपमा लिईएको छ । उक्त साधनको माध्यमबाट कक्षामा शिक्षक र विद्यार्थीका बिचमा भएका भाषिक व्यवहारलाई अवलोकनकर्ताले सामान्य सहभागिताको भूमिका निर्वाह गरेर र असंरचनात्मक अन्तर्वार्ताका माध्यमबाट जानकारी सङ्कलन गरिएको छ । विभिन्न भाषिक पृष्ठभूमिका विद्यार्थीहरू रहेको कक्षामा शिक्षण सिकाइका क्रममा सहभागीका बिचको भाषा प्रयो गको अवस्थासम्बन्धी जानकारीलाई अडियो रेकर्डका साथै आवश्यक नोट टिप्ने काम गरी प्राकृतिक वातावरणमा सामग्री सङ्कलन गरिएको छ । यसरी प्राप्त जानकारी र राज्यले माध्यम भाषा प्रयोगका लागि गरेका व्यवस्थामा केन्द्रित भई प्रधानाध्यापसँग शिक्षण सिकाइको माध्यम र बहुभाषिक शिक्षाको सन्दर्भमा छलफल गरिएको छ । राज्यले निर्धारण गरेका भाषा नीति कार्यान्यन स्थल निजी विद्यालय पनि भएकाले राज्यका व्यवस्था र बहुभाषिक कक्षामा भाषा प्रयोगको अवस्था र विद्यालयको भाषा प्रयोग नीति बिचको सम्बन्धलाई गहिरिएर खोजी गरी अनुसन्धानको गुणस्तर र विश्वसनीयता कायम गरिएको छ ।

## नतिजा र छलफल

प्रस्तुत लेखको अघिल्लो शीर्षकमा वर्णन गरिएको अध्ययन विधिअनुसार सङ्कलित तथ्याङ्कलाई यस खण्डमा विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा प्राप्त परिणामलाई भाषिक विविधता र माध्यम भाषा प्रयोगको अवस्था, बहुभाषिक शिक्षाका लागि एकल भाषिक माध्यम, बहुभाषिक शिक्षाको अस्पष्ट अवधारणा र विद्यालयको माध्यम भाषासम्बन्धी रणनीतिका आधारमा बेग्लाबेग्लै उपशीर्षकमा राखी व्याख्या गरिएको छ :

### भाषिक विविधताको अवस्था र माध्यम भाषा प्रयोगको अवस्था

विगत लामो समयदेखि गुरूङभाषी समुदायको बाहुल्यता भएको क्षेत्रमा अवस्थित संस्थागत विद्यालयको कक्षा एकमा विभिन्न भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरू रहेको देखिन्छ । कक्षामा भएका ४४ जना विद्यार्थीमध्ये गुरूङ २० (३ जना गुरूङ भाषी विद्यार्थीको पहिलो भाषा गुरूङ रहेको र अन्यको

पहिलो भाषा नेपाली भएको), राई ४, मगर ५, नेवार ५, छन्त्याल २, परियार २, ब्राह्मण २, विश्वकर्मा २, क्षेत्री २ गरी विभिन्न जात जाती र भाषी विद्यार्थीहरू रहेका छन् । जसले बहुभाषिक कक्षाको झलक स्पष्ट देखाउँछ । गणित विषयको कक्षामा जोड र घटाउ सिकाउँदा एकातिर शिक्षकले एडिसन र सब्स्ट्र्याक्सन अङ्ग्रेजी माध्यममा पढाउँदै गरेको अर्कातिर विभिन्न भाषाका विद्यार्थीहरू (विशेषत गुरूङ भाषी) एकअर्काको मुख हेरेर मौन भएर (जिब्रो देखाउँदै) अलमल्ल परेको अवस्था देखिन्छ । यस अवस्थाले नेपालको शिक्षा प्रणालीमा बहुभाषिक कक्षामा प्रयोग गरिने माध्यम भाषाका सन्दर्भमा गरिएको विभिन्न व्यवस्था र सुझावलाई निजी विद्यालयले पूर्णत वेवास्ता गरेको सङ्केत गर्दछ । बहुभाषिक कक्षामा विद्यार्थीको आवश्यकताअनुसार मातृभाषा, नेपाली र अङ्ग्रेजी दुवै उपयोग गर्न सकिने (राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३) व्यवस्थालाई बहुभाषिक शिक्षाको आधारका रूपमा मान्न सकिन्छ । कक्षामा भने विद्यार्थीले बुझ्ने भाषामा विषयवस्तु बुझाउनुभन्दा अङ्ग्रेजी माध्यम गणित सिकाइको उत्तम माध्यम हो भन्ने भ्रम शिक्षकमा परेको देखिन्छ । बहुभाषी विद्यार्थीको जमघट भएमा राष्ट्रभाषा माध्यम उपयुक्त (राष्ट्रिय भाषा नीति सुझाव आयोगको प्रतिवेदन, वि.सं. २०५०) हुने सुझावले पनि एकलभाषिक पद्धतिलाई अघि सार्न खोजेको देखिन्छ । विभिन्न भाषिक पृष्ठभूमिका बालबालिका रहेको कक्षामा सबैलाई मातृभाषामा शिक्षा दिन सक्ने परिस्थिति सिर्जना हुन नसक्ने अवस्थामा भने धेरै विद्यार्थीले यथेष्ट बुझ्ने र स्पष्ट बोल्न सक्ने भाषा (वेन्सन, २००४) सँगै अन्य भाषालाई पनि शिक्षणको माध्यम बनाउन सकेमा सबैमा गुणात्मक शिक्षाको सुनिश्चितता हुने देखिन्छ ।

एक कक्षामा भिन्न भाषिक परिवेशका विद्यार्थीहरूको सङ्ख्या १५-२० सम्म भएमा शिक्षण सिकाइका क्रममा सबै भाषाको सम्मान हुने गरी माध्यम भाषा प्रयोग (विद्यालय क्षेत्र विकास कार्यक्रम, २०१६) गर्ने भनिए पनि कस्तो ढाँचाले सबै भाषाको सम्मान गर्दछ भन्नेमा राज्यले मार्गदर्शन गर्न नसक्दा निजी विद्यालय अङ्ग्रेजी माध्यमतर्फ मात्र केन्द्रित हुन पुगेको देखिन्छ । नेपालमा प्रारम्भिक कक्षादेखि नै बहुभाषामा सिकाइको आवश्यकता ज्वलन्त देखिए पनि नेपालले बहुभाषिक शिक्षाका सम्बन्धमा वैज्ञानिक र स्पष्ट धारणाको विकास गर्न नसक्दा एकल र बहुभाषी कक्षामा सिकाइका माध्यम भाषाबारे भएको अन्योलताको प्रभाव निजी विद्यालयका कक्षामा गरिएको भाषा प्रयोगको अवस्थाले छर्लङ्ग पारेको छ ।

**बहुभाषिक शिक्षाका लागि एकल भाषिक माधमय अनुपयुक्त**

सबै बालकालिकामा बहुभाषाको ज्ञान आवश्यकताले बहुभाषिक शिक्षाको अवधारणा (जोम्टेन, १९९०) विकसित हुँदै आए पनि नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरिएका प्रतिबद्धताअनुसार बहुभाषिक शिक्षा लागू गर्न नसकेको निजी विद्यालयका (आधारभूत तह कक्षा १) कक्षाकोठामा भाषा प्रयोगको अवस्थाले स्पष्ट पार्दछ । कक्षा अवलोकनका क्रममा जोड घटाउको पाठ्यवस्तुलाई अङ्ग्रेजी माध्यमले मात्र पढाएको हुँदा वियषवस्तु नबुझेर अलमलिएका विद्यार्थीलाई अनुसन्धान कर्ताले (खुसुक्क) शिक्षकलाई नेपाली भाषामा बुझाइदिनु अनुरोध गरेपछिको वातावरण यस्तो रहेको देखिन्छ-

सेतो पाटीको एक भागमा कालो मार्करले चार ओटा गुच्चा भन्दै गोलकार घेरा बनाउँदै सब्स्ट्र्याक्सन भनेको उदाहरणको रूपमा चार पाँच ओटा गोला गोला आकार भएका गुच्चाबाट घटाउँदै वा थोरै बनाउँदै जाने हो । त्यस्तै अर्को भागमा रातो मार्करले एउटा गुच्चा बनाउँदै एडिसन

भनेको थप्दै वा धेरै बनाउँदै जाने हो भनेर नेपालीमा बोल्न थालेपछि मौन रहेका विद्यार्थीको ध्यान चकबोर्डतिर मोडियो ।

यस अवस्थाले शिक्षण सिकाइका क्रममा एकल भाषा माध्यमको रटानभन्दा विषयवस्तु बुझाउन विद्यार्थीहरूको समझको भाषाअनुसार विभिन्न भाषाको प्रयोग उपयुक्त हुने सङ्केत देखिन्छ । बहुभाषिक शिक्षाको मूल मर्म पनि शिक्षण सिकाइका क्रममा तीन ओटा भाषाको प्रयोग (युनेस्को, २०११) उपयुक्त भएको हुँदा विद्यालयले मातृभाषाको आवश्यकताअनुसार बहुभाषालाई शिक्षण सिकाइको माध्यम बनाउन हिचकिचाउन नहुने देखिन्छ । कुनै पनि विषयवस्तुमा शिक्षक र विद्यार्थी बिच खुलेर छलफल हुँदैन भने वा भएन भने अङ्गेजी रटाइको मात्र अस्तित्वसमेत नरहने देखिन्छ (माथेमा, २०२१) । तसर्थ विषयवस्तु बुझाउने सन्दर्भमा अङ्ग्रेजी माध्यमसँगै बहुभाषीकण विधि (जोशी, २०१८) अपनाउनु उपयुक्त देखिन्छ । दुई भाषाको प्रयोगले प्रारम्भिक उमेरमा धेरै भाषा सिकाउन सकिने वैज्ञानिक आधारलाई (आवुतलेवी, २०१९) समेत प्रमाणित गर्ने देखिन्छ ।

समुदायको आवश्यकताअनुसार मातृभाषा, राज्यको प्रमुख भाषा र अङ्ग्रेजी भाषाहरूलाई सँगसँगै सिकाउन सकेमा मात्र बहुभाषिक शिक्षाको सबैलाई गुणात्मक शिक्षा दिने अभियान साकार हुने हुँदा राज्यले ठोस नीति र कार्ययोजना निजी विद्यालयका कक्षासम्म पुऱ्याउन सक्नुपर्दछ । सामुदायिक वा निजी विद्यालयमा एउटा भाषालाई मात्र माध्यम (मातृभाषा, अङ्ग्रेजी र नेपाली) बनाउने नीतिले बालबालिकाको भाषिक मानव अधिकार हनन र राज्यको प्रतिबद्धता प्रतिकूल हुन जान्छ ।

बालबालिकाका आफ्ना धारणा र बुझाइको सम्मान गर्न बहुभाषालाई शिक्षण सिकाइको माध्यम अत्यावश्यक देखिन्छ । यसै प्रसङ्गमा सहभागी विद्यार्थी (पहिलो भाषा नेपाली गुरुङ मातृभाषी) को अनुभव यस्तो रहेको छ "नयाँ सर आस्ति भर्खर आएको । नेपालीमा बोल्न जान्दैन । गाली धेरै गर्छ । पहिलाको सर राम्रो । नेपालीमा भन्थ्यो । योसँग सोध्न डर लाग्छ ।" यस भनाइले कक्षा एकमा ५० प्रतिशतसम्म नेपाली माध्यम अपनाएर विद्यार्थीलाई विषयवस्तु बुझाउनुपर्ने विद्यालयको रणनीति रहे पनि नयाँ शिक्षकले गणित पढाउँदा सहजै नेपाली माध्यमलाई आत्मसात् गर्न नसक्ने रहेछन् भन्ने सङ्केत गर्दछ । विद्यार्थीले बुझे नबझेको वास्ता नगरी जबर्जस्ती अङ्ग्रेजी माध्यममै मात्र पढाउनुपर्छ भन्ने मानसिकताले विद्यार्थीले द्विभाषिक लाभ लिनबाट वञ्चित हुनुका साथै बहुभाषिक शिक्षाको अधिकार समेत हनन हुने देखिन्छ । बालबालिकाको पढ्न, बुझ्न र जान्न पाउने साथै सिकाइबाट पूर्ण लाभ लिन पाउने अधिकार (सिल र अन्य, २०१५) लाई पनि एकलभाषिक माध्यमले कुण्ठित गर्नसक्ने देखिन्छ ।

अङ्ग्रेजी माध्यमलाई मात्र गुणात्मक शिक्षाको कडी मान्ने निजी विद्यालय र अभिभावकको मनोविज्ञान (फ्याक, २०२१), विद्यार्थी सङ्ख्या मात्र बढाउने अचुक उपाय ठान्ने सामुदायिक विद्यालय (जीवछ, यादव, २०२१ शिक्षा पुस्तक) का एकलभाषिक चिन्तनले द्विभाषिक लाभ, विद्यार्थीका आधारभूत ज्ञान, बुझाइ र धारणाको अवमूल्यन गर्नुका साथै बहुभाषिक शिक्षाका सम्बन्धमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता प्रतिकूल हुन जाने देखिन्छ । नेपालले कार्यान्वयनमा ल्याएको बहुभाषिक शिक्षा कार्यक्रम पनि एकल भाषी (मातृभाषा १-३ कक्षासम्म) पद्धति (मिश्र, २०२०) मा केन्द्रित भएको देखिन्छ । यसका साथै बहुभाषामा शिक्षा प्रदान गर्नका लागि प्रोत्साहित गर्न लागेको मातृभाषामा आधारित बहुभाषिक शिक्षण पद्धति (राष्ट्रिय शिक्षा नीति, २०७६, १०.८.१) ले पनि (कक्षा १-३ सम्म

मात्र मातृभाषा माध्यम, छिटो निर्गमन सङ्क्रमणीय ढाँचा) एकलभाषिक माध्यमलाई निर्देश गरेको छ । बहुभाषिक शिक्षाको उद्देश्य पूरा गर्न एकल (मातृभाषा, राज्यको मुख्य भाषा कि अङ्ग्रेजी मात्र) भाषिक चिन्तन र पद्धति प्रभावकारी देखिँदैन । एकलभाषिक पद्धतिले सबैलाई बहुभाषिक शिक्षा (बहुभाषा माध्यम) दिलाउन नसक्ने हुँदा स्पष्ट अवधारणासँगै मूर्त एवम् व्यावहारिक नीति निर्माण साथै सिद्धान्त र मोडलबारे निर्क्योल गरी निजी विद्यालयसम्म पुऱ्याउनु आवश्यक देखिन्छ ।

## बहुभाषिक शिक्षाको अस्पष्ट अवधारणा

बहुभाषिक मुलुकका सबै बालबालिकालाई गुणात्मक शिक्षा प्रदान गर्न बहुभाषिक शिक्षाको अवधारणा विकसित भए पनि निजी विद्यालयलाई बहुभाषा किन र कसरी सिकाउने भन्ने सम्बन्धमा स्पष्ट धारणा विकास हुन नसकेको देखिन्छ । यसै सन्दर्भमा विद्यालयका प्रधानाध्यापक (गुरूङ मातृभाषी) को भनाइ रहेको छ-

> एकपटक बहुभाषिक शिक्षाका लागि स्थानीय भाषाको प्रयोगका सन्दर्भमा आयोजित छलफलको गोष्ठीमा उपस्थित भएको थिएँ । उक्त छलफलबाट आफ्नो मातृभाषाको संरक्षण, सम्वर्द्धधन र विकासका लागि मातृभाषा शिक्षा आवश्यक भए पनि राज्यले बहुभाषिक शिक्षालाई के कसरी कार्यान्वयनमा ल्याउन चाहेको छ, सोबारे गोष्ठीले स्पष्ट हुन सकेन ।

यस भनाइले नेपालमा भाषा जोगाउन पढाउने कि भाषिक सक्षमता विकासका आधारमा संज्ञानात्मक ज्ञान गराउन ? भन्नेमा स्पष्ट बहस हुन आवश्यक रहेको सङ्केत गर्दछ । बहुभाषिक शिक्षाले सबै बालबालिकालाई बहुभाषामा क्षमता विकास गर्ने भने पनि नेपालले गैरनेपाली मातृभाषी बालबालिकाकालाई मात्र बहुभाषामा शिक्षा (मातृभाषामा आधारित बहुभाषिक) दिने उद्देश्यले ल्याएको पद्धति पनि एकलभाषिक सिद्धान्तमा आधारित रहेको देखिन्छ (मिश्र, २०२०) । पहिलो भाषालाई शिक्षणको आधार मानेर  निमज्जन ढाँचाबारे गरिएको अध्ययन बहुभाषा शिक्षणमा निकै प्रभावकारी मानिएपछि बहुभाषिक सिद्धान्तहरू सन् २००० देखि प्रयोगमा आउन थाले (वेन्सन, २०१७) पनि नेपालले बहुभाषिक शिक्षाको धारणा र महत्वलाई स्पष्ट रूपमा उजागार गर्न नसकेको देखिन्छ । तसर्थ राज्यस्तर बाट नै बहुभाषिक शिक्षा कहिले, कसरी र कस्का लागि भन्नेमा स्पष्ट अवधारणाको विकास  हुन र गराउन नसकेको प्रभाव अध्ययनका आधारमा स्पष्ट हुन्छ । राज्यले बहुभाषिक शिक्षा (गैरनेपाली मातृभाषी लागि उपयोगी) कार्यान्यन गर्न खोजे पनि कुल जनसङ्ख्याको ४४.६३ प्रतिशत नेपाली मातृभाषी बालबालिकालाई बहुभाषिक शिक्षाको आवश्यकता र स्पष्ट आधार तय गर्न सकेको देखिँदैन ।

## विद्यालयको माध्यम भाषासम्बन्धी रणनीति

सरकारको भाषानीतिलाई सूक्ष्मरूपमा कार्यान्वयन गर्ने विद्यालयहरूले भाषा प्रयोगका सन्दर्भमा बहुभाषिक कक्षाको आवश्यकता र समुदायको अपेक्षालाई सम्बोधन गर्न आत्तै खालको भाषा प्रयोग नीति निर्माण गरको देखिन्छ । हरेक कक्षामा गुरूङ भाषी बालबालिकाको बाहुल्यता देखिए पनि मातृभाषा गुरूङ भएका भन्दा पहिलो भाषा नेपाली भएका धेरै गुरूङ भाषी बालबालिका लगायत अन्य मातृभाषाका बालबालिका रहेको बहुभाषिक अवस्था विद्यालयमा रहेको देखिन्छ । बहुभाषिक कक्षामा विद्यार्थीहरूको भाषालाई सम्मान हुने गरी भाषा प्रयोगका सन्दर्भमा सहभागीको भनाइ यस्तो रहेको छ-

गुरूङ समुदायको बाहुल्यता भए पनि सबै भाषाका विद्यार्थीहरूलाई पढाउनु हाम्रो दायित्व हो । अभिभावकको चाहना, धेरै विद्यार्थीहरूले जानेबुझेको भाषा, भाषा बजार, समाजको मनोविज्ञान आदिलाई मध्यनजर राखेर बालविकास कक्षामा दोभाषे (गुरूङ र खस) शिक्षकको व्यवस्था गरिएको छ । कक्षा एकमा पुग्दा सबैजसो विद्यार्थीहरू नेपाली भाषा बुझ्ने भैसक्छन् । तसर्थ कक्षा १-३ सम्म विद्यार्थीले विषयवस्तु नबुझेमा ५० प्रतिशतसम्म नेपाली माध्यम अपनाउन सकिने व्यवस्था गरेका छौँ ।

यस भनाइले विभिन्न भाषिक पृष्ठभूमिका विद्यार्थीहरू भएको कक्षामा धेरैले बोल्ने र बुझ्ने भाषा (नेपाली) र अङ्ग्रेजी भाषालाई शिक्षणको माध्यम बनाउने रणनीतिले समाजको मनोविज्ञान, अभिभावकको अपेक्षा र भाषा बजारलाई सम्बोधन गर्न खोजेको सङ्केत गर्दछ । पहिलो भाषा गुरूङ भएका थोरै मातृभाषी बालबालिकाहरूलाई बालविकास कक्षामा नै नेपाली भाषामा सङ्क्रमण गर्दा प्रभावकारी हुने दृढोक्तिले एकल भाषी कक्षाको सम्भावना निकै कम हुने बहुभाषिक विद्यालयमा सङ्क्रमणीय ढाँचाको सम्भावना रहेको देखाउँछ । बहुभाषिक कक्षामा सबैलाई मातृभाषामा शिक्षा दिन नसक्ने परिस्थितिमा धेरै विद्यार्थीले यथेष्ट बुझ्ने र स्पष्ट बोल्न सक्ने भाषा माध्यम (वेन्सन, २००४) सँगै प्रारम्भिक उमेरमा धेरै भाषा सिकाउन सकिने वैज्ञानिक आधारसँग (आवुतलेवी र म्यास्चियो, २०१९) विद्यालयको रणनीतिले सानिध्यता राख्दछ । यस प्रकारको ढाँचा कार्यान्वयन हुन सकेमा नेपालले थालनी गरेको बहुभाषिक शिक्षाको नवीन अवधारणा (मिश्र, २०२०) उन्मुख हुने देखिन्छ ।

विद्यालयको भाषा प्रयोग रणनीति र अभ्यास बिचको तालमेल मिल्न नसक्नुका कारणको खोजी गर्ने क्रममा सहभागीले गणित शिक्षक नयाँ नियुक्तिका लागि परीक्षण अवधिमा भएकाले विद्यालयको भाषा प्रयोगबारे जानकारी भै नसकेको हुनाले प्रभावकारी कक्षा प्रस्तुति हुने मनोविज्ञानका कारण हुन अङ्ग्रेजी माध्यम मात्र प्रयोग गरेको हुन सक्ने धारणा राखेका छन् । माथिल्लो कक्षामा भाषा प्रयोग रणनीतिका बारेमा राखिएको जिज्ञासामा विद्यालय सञ्चालकको प्रतिक्रिया यस्तो रहेको पाइन्छ-

अभिभावकको चाहनाबमोजिम अङ्ग्रेजी 'भाषा फरर बोल्न' सक्ने बनाउन ४ कक्षादेखि अङ्ग्रेजी माध्यम अनिवार्य ठानी "अन्य विद्यालयको सिको गरेर नेपाली विषयवाहेक अन्य कक्षामा नेपाली बोलेमा एक रुपैयाँ जरिवानाको व्यवस्था गऱ्यौँ । यसको असर कक्षाकोठामा देखियो । धेरै विद्यार्थीहरू आपसमा छलफल गर्न र अन्तरक्रियामा भाग लिन छोडे, शिक्षकलाई पनि सोध्नै छोडे । त्यसपछि भने जरिवाना लिन छोड्यौँ । विद्यार्थीले जुन भाषामा पढाउँदा विषयवस्तु राम्ररी बुझ्दछन् सोही माध्यमलाई पनि प्रयोग गर्नु पर्ने ठानी २५ प्रतिशत नेपाली (अङ्ग्रेजी विषयवाहेक) बोल्न पाउने व्यवस्था गऱ्यौँ । उक्त व्यवस्थाको सकारात्मक परिणामले विद्यार्थी र शिक्षकका बिचमा छलफल, अन्तर्क्रिया यथेष्ट हुन थाल्यो ।

यस भनाइले विश्वव्यापीकरणको युगमा अभिभावकको चाहनाअनुसार जबर्जस्त अङ्ग्रेजीलाई मात्र माध्यम बनाउन खोजे पनि यसको प्रत्यक्ष असर विद्यार्थीको सिकाइ उपलब्धिमा पर्ने कुरालाई विद्यालय र शिक्षकले हृदयङ्गम गर्नुपर्ने कुरालाई सङ्केत गरेको छ । अभिभावकको बढ्दो चाहना र निजी विद्यालयप्रतिको आकर्षण एवम् सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या बढाउने र टिकाउने होडबाजी

(घिमिरे, २०२०) का कारण बहुभाषिक सक्षमता विकास गर्न र द्विभाषिक माध्यमबाट हुने लाभ लिन विद्यार्थी वञ्चित हुन पुग्छन् । जसका कारण नेपालले सबैलाई गुणात्मक प्रदान गर्न कार्यान्वयन गर्न लागेको बहुभाषिक शिक्षा कार्यक्रम पनि प्रभावित हुने देखिन्छ । राज्यले बहुभाषिक शिक्षाको महत्त्व, आवश्यकता, वैज्ञानिक आधार, सिद्धान्त र मोडलबारे निजी विद्यालयलाई जानकारी गराउन नसके को अवस्थामा बहुभाषिक समुदायमा स्थित निजी विद्यालयलले समाजको मनोविज्ञान र विद्यार्थीको संज्ञानात्मक क्षमता विकासका लागि शिक्षण सिकाइका क्रममा आफ्नै प्रकारले  द्विभाषिक शिक्षा ढाँचा तय सराहनीय देखिन्छ ।

**निष्कर्ष**

जोम्टेनको सम्मेलनले सबैका लागि शिक्षा अभियानको थालनी गरी विश्वभरि बहुभाषिक शिक्षाको चिन्तन प्रारम्भ गरेको देखिन्छ । शिक्षण सिकाइका क्रममा दुई वा सोभन्दा बढी भाषालाई माध्यमका रूपमा उपयोग गरी बहुभाषामा समान भाषिक सक्षमता विकास गराउने पद्धतिका रूपमा बहुभाषिक शिक्षालाई लिइएको छ । विश्वव्यापीकरण र व्यापक सञ्चारका कारण सबैका लागि आवश्यक मानिएको बहुभाषिक शिक्षाको वैज्ञानिक आधारबारे भिन्न भिन्न दृष्टिकोण रहेको देखिन्छ । विकसित मुलुकले बहुभाषिक शिक्षाको महत्त्वपूर्ण आधारका रूपमा 'पहिलो भाषा पहिलो शिक्षा' र 'मातृभाषामा शिक्षा कार्यक्रम' लाई लिएको देखिन्छ  । यसैका आधारमा पहिलो भाषालाई शिक्षणको आधार मानेर निमज्जन (फ्रेन्च र अङ्ग्रेजी द्विभाषिक इमर्सन शिक्षा) ढाँचाको प्रयोग प्रभावकारी मानेर बहुभाषिक सिद्धान्तहरू प्रयोगमा ल्याउन थालेको देखिन्छ । दक्षिण एशियाका देशहरूमा तीव्र प्रवाहको रूपमा देखिएको मातृभाषा शिक्षा नै बहुभाषिक शिक्षा ठानी एकलभाषिक शिक्षण पद्धति अपनाउन थालेको देखिन्छ । यस्ता दृष्टिकोणले सबै बालकालिकालाई बहुभाषामा समान भाषिक सक्षमता विकास गर्ने अभियानलाई सफल पार्नसक्ने देखिँदैन । अन्य मुलुकले आफ्नो देशको भाषिक आवश्यकताअनुसार सबैबालबालिकालाई बहुभाषा कुन उमेरदेखि र कसरी सिकाउने भन्ने वैज्ञानिक आधार तय गरेझैं नेपालमा आवश्यक देखिन्छ । यसै सन्दर्भमा विकसित द्विभाषिक लाभको सिद्धान्तले प्रारम्भिक उमेर उर्वरयोग्य हुने हुँदा धेरै भाषा एकै पटक सिकाउँदा बहुभाषिक सक्षमताको विकास हुने तथ्य पुष्टि गरेको पाइन्छ ।

एकातिर नेपालले बहुभाषिक शिक्षामा प्रतिबद्धता जनाएको छ भने अर्कातिर शिक्षण सिकाइको माध्यम भाषाका सन्दर्भमा गरेका नीतिगत व्यवस्था र शिक्षा आयोगका सुझाव एकलभाषिक पद्धतिमा केन्द्रित रहेको देखिन्छन् । यसकारण राज्यले बहुभाषिक शिक्षाको मर्मबोध गरी एकलभाषिक र बहुभाषिक कक्षामा कुन उमेरदेखि र कसरी बालबालिकालाई बहुभाषामा शिक्षण सिकाइ गर्न सकिन्छ भन्नेबारे स्पष्ट मार्गदर्शन गर्न नसकेको देखिन्छ । यसको प्रत्यक्ष प्रभाव निजी विद्यालयको कक्षाकोठामा परेको छ । नेपालमा परीक्षण परियोजना मार्फत् कार्यान्वयनमा ल्याएको बहुभाषिक शिक्षा कार्यक्रमलाई गैरने पाली मातृभाषीमा सीमित गरिएको र बहुभाषिक सक्षमताको विकास गर्न नसक्ने देखिएकाले बहुभाषिक शिक्षाप्रतिको बुझाइ स्पष्ट हुन नसकेको देखिन्छ । निजी विद्यालयले गुणात्मक शिक्षाको कडी मान्ने गरेको अङ्ग्रेजी माध्यम मात्रले पनि बालबालिकाले सहज रूपमा सिकाइ उपलब्धि हासिल गर्न नसक्ने र जानेबुझेको भाषासँगै अन्य भाषामा समान भाषिक सक्षमता हासिल गर्न नसक्ने देखिन्छ ।

नेपालको समाजभाषिक अवस्थाअनुसार बहुभाषिक कक्षाको बाहुल्यता देखिने हुँदा राज्यले एकलभाषिक र बहुभाषिक कक्षामा बहुभाषिक शिक्षाको स्पष्ट अवधारणा र उद्देश्यबमोजिम दुई वा सो भन्दा बढी भाषालाई शिक्षणको माध्यम बनाउने गरी बलियो कानुन र व्यावहारिक भाषा प्रयोग नीति निर्माण गरी स्थानीय तहका सबै प्रकृतिका विद्यालयसम्म पुऱ्याउने दायित्य सरकारको नै हुन्छ । राज्य प्रभावकारी बहुभाषिक  शिक्षा कार्यक्रम कार्यान्वन गर्न अलमलिएको अवस्थामा पनि बहुभाषिक समुदायका निजी विद्यालयले बहुभाषिक समुदायको भाषिक मनोविज्ञान, भाषा बजार, विश्वव्यापी आवश्यकता र सिकाइ सहजतामा केन्द्रित रही बहुभाषालाई प्रारम्भिक कक्षादेखि सिकाइको माध्यम बनाउनु सकारात्मक देखिन्छ । निजी विद्यालयले बहुभाषिक कक्षामा भएका थोरै सङ्ख्याका गुरूङ मातृभाषी बालबालिकालाई बालविकास कक्षामा नेपाली भाषामा सङ्क्रमण गराउने र प्रारम्भिक कक्षा देखि नै नेपाली र अङ्ग्रेजी भाषालाई शिक्षण सिकाइको माध्यम भाषा बनाउने अभ्यासलाई बहुभाषिक कक्षाका लागि बहुभाषिक शिक्षा प्रदान गर्ने व्यावहारिक मोडलका रूपमा लिन उपयुक्त हुने  निष्कर्ष निकालिएको छ ।

## सन्दर्भ सामग्री


घिमिरे, नानीबाबु (२०२१), अङ्ग्रेजी माध्यम रहर र बाध्यताको उल्झनमा शिक्षक, शिक्षा पत्रकार समूह, (सम्पा), विद्यालयमा माध्यम भाषा, काठमाडौं ।

नेपालमा विद्यालय शिक्षाका लागि राष्ट्रिय प्रारूप (वि.सं. २०६३), भक्तपुरः पाठ्यक्रम विकास केन्द्र

पाठक, शर्मा लेखनाथ (नयाँ पत्रिका, १२ मङ्सीर २०७६), नेपालमा बहुभाषिक शिक्षाका जटिलता ।

फ्याक, प्रेम (२०२१), शिक्षामा अङ्ग्रेजी माध्यमको प्रयोग : भ्रम र यथार्थ, शिक्षा पत्रकार समूह (सम्पा), (२०२०), विद्यालयमा माध्यम भाषा, काठमाडौं ।

बहुभाषिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका (२०६६), काठमाडौंः नेपाल सरकार शिक्षा मन्त्रालय ।

माथेमा, केदारभक्त (२०२१), ज्ञान र विवेक पो महत्वपूर्ण हो, शिक्षा पत्रकार समूह (सम्पा), विद्यालयमा माध्यम भाषा, काठमाडौं ।

यादव, योगेन्द्र (२०२१), मातृभाषामा प्राथमिक शिक्षाः जरूरी छ सम्भव पनि छ, शिक्षा पत्रकार समूह, (सम्पा), विद्यालयमा माध्यम भाषा, काठमाडौं ।

यादव, जीवछ (२०२१), विद्यार्थी सङ्ख्या बढाउन अङ्ग्रेजी माध्यम सुरू गऱ्यौं, शिक्षा पत्रकार समूह, (सम्पा), विद्यालयमा माध्यम भाषा, काठमाडौं ।

राष्ट्रिय भाषानीति सुझाव आयोगको प्रतिवेदन (२०५०), संयोजक तिलविक्रम नेम्वाङ, काठमाडौं : शिक्षा मन्त्रालय ।

राष्ट्रिय शिक्षा नीति, (२०७६), काठमाडौंः नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

विद्यालय क्षेत्र सुधार कार्यक्रम (वि.सं. २०६६-२०७२ ), सानोठिमी भक्तपुर ।

Abutale, J. &  Maschio, N.D. (2019).  *Language organization in the bilingual and multilingual brain.* Retrieved from https://www.researchgate.net/publication/330089868

Ahonen, P. (2020). Multilingual education programme for all non Nepali speaking students  primary school in Nepal 2007-2009. Yadava, Y. P., and Awasthi, L.D. (Eds). (2020), *Perspectives on mother tongue based multilingual in Nepal.* Kathmandu: Nepal Academy.

Awasthi, L.D. (2004). *Exploring monolingual school practices in multilingual Nepal*. An Unpublished Dissertation of PhD, Dennis University, Denmark.

Benson, C. (2004). *The important of mother tongue-based schooling for educational quality*. Paris: UNESCO.

Beson, C. (2017). *Exemplary polices and practices in L1-based multilingual education*. Language and Learning Conference, Lahore.

Bialystok, E., Craik, F. I., Klein, R., & Viswanathan, M. (2004). Bilingualism, aging, and cognitive control: evidence from the Simon task. *Psychology and Aging*, *19*(2), 290.

Joshi, K.R. (2018). *Translanguaging as a negotiated in higher education: Classroom practice, experience and implication*. An Unpublished M.Phil. Thesis. Kathmandu : Tribhuvan University.

Kandel, S. (2013). *Language choice and use in multilingual contexts of Nepal: An enthnographic study.* An Unpublished PhD Dissertation. NewDelhi: Jawaharlal Nehru University.

Mishra, M.K. (2020). Multilingual education in Nepal: Democratizing childrens language education. Yadava, Y. P., and Awasthi, L.D. (Eds). (2020). *Perspectives on mother tongue based multilingual in Nepal.* Kathmandu: Nepal Academy.

Seel, A., Yadava, Y. P., & Kadel, S. (2015). *Medium of instruction and languages of education  (MILE): Ways forward for education policy, planning, and practice in Nepal: Final report*. A report submitted to the Ministry of Education and DFID.

UNESCO, (2003). *Education in a multilingual world. UNESCO education position paper*. Paris: UNESCO. Retrieved from http://unesdoc.unesco.org/images/0012/001297/129728e.pdf United Nations.

UNESCO, (2010). *Non formal education to boost literacy in Nepal*. UNESCO. htt:/www.unesco.org/en/literacy-prizes/winner-2010/Nepal.

UNESCO, (2011). *Enhancing learning of children from diverse language backgrounds: Mother tongue-based bilingual or multilingual education in the early years*. Paris: UNESCO.

Yadava, Y.P. (2014). *Monograph on language in education in future federal Nepal*. Kathmandu : UNESCO.